# मगराँती धर्म र सँस्कृति

केशर जङ्ग बराल

नेपालका आदिवासी जनजातिहरु मध्ये मगर जाति एक हो । मगरहरु नेपालको ७५ जिल्लामै बसोवास गर्दै आएका छन् । यो जातिको वस्ती नेपालमा मात्र सिमित छैन । सिक्किम र भुटानमा पनि मगरहरु धेरै समय अगाडि देखि बस्दै आएका छन् । यी देशमा वाहेक मगरहरु भारत, मलेशिया लगायत विभिन्न देशमा रोजगारीको शिलशिलामा पुगेका छन् । राष्ट्रिय जनगणना २०५८ अनुसार मगरको जनसँख्या करिव १६ लाख छ । यो जनसँख्या नेपालको कूल जनसँख्याको करिव ७ प्रतिशत हुन आउछ ।[१] मगर जातिले जनसँख्याको हिसाबले जनजातिहरुमा प्रथम स्थान र सम्पूर्ण जातिहरुमा तेस्रो स्थान ओगटेको छ । भाषाको हिसावले यो जाति सातौं स्थानमा पर्दछ । तर यो जाति आर्थिक, सामाजिक र राजनैतिक दृष्टिकोणले पछाडि परेको छ । मगरहरुले सामाजिक सुधारको लागि सामूहिक प्रयास वि.सं १९९०को दशकबाटै शूरु गरेतापनि यथार्तमा यो जाति आर्थिक, शैक्षिक र राजनैतिक रुपमा ज्यादै पछि पर्दै गएको छ । करिव ७० वर्षको अन्तरालमा विभिन्न नाममा मगरहरु सँगठित भएर आफ्नो भाषा, सँस्कृतिको सँरक्षण र विकासमा र सामाजिक सुधारको प्रक्रियामा लागे तापनि खासै यो जाति आगाडि बढ्न सकेको छैन । अधिकाँश मगरहरु मगराँती धर्म र सँस्कृति वारे स्पष्ट हुन सकेका छैनन् । त्यसैले म यस सम्बन्धि सर्वसाधारण मगरहरुले बुझ्न सक्ने भाषामा मगराँती धर्म र सँस्कृति सम्वन्धि आफ्नो धारण राख्न चाहान्छु ।

विशेष गरेर शहरमा वसेर पुस्तकालयमा आफ्नो धर्म र सँस्कृति खोज्ने मगरहरुको विचमा धर्मको वारेमा विवाद भैरहेको छ । तर मगराँत क्षेत्रका मगरहरु जसलाई खान र लगाउन धौधौ छन् तिनीहरुलाई यसको वारेमा केही वास्ता छैन । तिनीहरुले वर्षौ देखि मान्दै आएका आफ्नो धर्म प्रति विश्वास गुमाएका छैनन् । आफ्नै धर्म छ । यहाँ निर विचार गर्नु पर्ने कुरा के छ भने जो सँग जे छैन त्यसले त्यो कुरा खोज्छ र आर्का सँग सापट ल्याउछ । त्यही कुरा झापा जिल्लामा भएको कथित अन्तरराष्ट्रिय सम्मेलनमा भएको थियो । यही सम्मेलनको हवाला दिएर नेपाल मगर सँघले मगरहरुको धर्म बौद्ध हो भनेर भनीरहेको छ । तर अधिकाँश मगरहरुले आफूलाई बौद्ध भनेर मान्न तयार नभएको विगतका केही अध्ययनहरु र जनगणना २०५८ को प्रतिवेदनले देखाएको छ । यस सन्दर्भमा सबै मगरहरुले धर्म भनेको के हो भन्ने कुरा जान्न अति आवश्यक छ । त्यसैले म यहाँ सर्वसाधारण मगरहरुले बुझ्ने भाषामा धर्म भनेको केहो भनेर आफ्नो धारणा राख्न गैरहेकोछु । धर्म विभिन्न व्यक्तिको दृष्टिकोणमा विभिन्न हुन सक्दछ । धर्म भनेको व्यक्तिमा सधै रहिरहने स्वभाव हो । मानिसको स्वभावलाई आफूमा निहित विश्वासले असर पार्दछ । यो विश्वास मानिसले पाएको ज्ञान (दर्शन) र उ वसेको वातावरणमा भर पर्दछ । त्यसैले धर्मलाई जिवनको दर्शन पनि भनिन्छ ।

मगरहरुमा भएको स्वभावलाई विश्लेषण गर्दा उनीहरुलाई हिन्दू वा बौद्ध भनेर भन्न मिल्दैन । माथि उल्लेख गरेअनुसार धर्म भनेको व्यक्तिमा सधै रहिरहने स्वभाव हो अथवा मानिसहरुमा भएको

---

[१] तर यथार्तमा मगरहरुको जनसँख्या यो भन्दा बढी छ । मगर जाति र बाहुन र क्षेत्रीहरुको थर मिल्ने भएको र मगरहरु जनगणना सम्सन्धि सचेत नभएको कारणले गर्दा पनि मगरहरुको जनसँख्या जति हुनु पर्ने हो त्यो भन्दा कम देखिन गएको छ ।

विश्वास हो । मगरहरुको स्वभाव र विश्वास हिन्दूहरुको र बौद्धहरुको भन्दा भिन्न छ । हिन्दूहरुले ब्रह्म, विष्णु, महेश्वर (राम) आदिमा विश्वास गर्दछन् । बौद्धमार्गीहरुले अहिँसा परम धर्म भन्ने कुरामा विश्वास गर्दछन् । तर यहाँका अधिकाँश मगरहरुले प्रकृतिमा विश्वास गर्दछन् र प्रकृतिको नै पूजा गर्दछन् । जस्तो खोलानाला, रुख, पहाड, हवा, ढुङ्गा र माटो जस्ता प्रकृतिका अभिन्न अङ्गलाई पुज्ने र मान्ने गर्दछन् । त्यस्तै गरी मगरहरुको आम स्वभावलाई हेर्ने हो भने पनि करिव एउटै कुरा देखिन्छ-इमान्दार र सोझो । मगरहरुको स्वभावलाई मगर समाजको परिवर्तनको आकाँक्षालाइ बोकेर भेडा गोठाला देखि सर्घषरत बर्मन बुढाको जिवन कथामा एक जना विदेशीले मगरहरुको स्वभावलाई यसरी बताएका छन्– *मेरो आत्माले कसैलाई ढात्न, कसैलाई छल्न दिदैन । अरुलाई तलमाथि गर्न दिदैन* । यो स्वभाव बर्मन बुढाको मात्र होइन, आम मगरहरुको स्वभाव हो । मगरहरुले यसैलाइ आफ्नो आदर्श मान्दछन् । अर्को शब्दमा भन्दा मगरहरुले कसैलाई ढाट्न हुदैन, कसैलाई छल्न हुदैन र कसैलाई अन्याय गर्न हुदैन भन्ने मान्यता राख्दछन् । यसैलाइ नै मैले मगराँत धर्म भन्दै आएकोछु । मगरहरुमा भएको यो स्वभाव र आदर्श, विश्वास नै मगराँत धर्मको मूल आधार हो । यो विश्वास प्रकृतिवादी चिन्तनमा आधारित छ । मगरहरुले प्रकृतिमाथि विश्वास र आस्था राख्ने भएको र प्रकृतिले कुनै प्राणी माथि भेदभाव नराख्ने भएकोले मगराँती धर्मको मूल दर्शन भनेको इमान्दार र सवैलाई समान रुपमा हेर्नु हो । त्यसैले मगराँती धर्मलाई प्राकृत धर्म भनेर पनि भनिन्छ । मगरहरुले मान्दै आएको प्राकृत धर्मलाई मगराँत धर्मको रुपमा राज्यले मान्यता दिनुपर्दछ । मगरहरुमा भएको हिन्दू कि बौद्ध भन्ने द्धन्द चर्काइ मगर समाजलाई पछि धकेल्ने काम गर्न हुन्न । मगरहरु हिन्दू कि बौद्ध भनेर एक आपसमा झगडा गरिरहने हो भने यसले मगर समाजलाई विखण्डन गर्दछ र अझ पछि ढकेल्ने छ । मगरहरुको सोच पछाडि फर्कनु हुने छ । मगरहरु धर्ममा अल्झी रहनु हुदैन । मगरहरुमा भएको प्रकृति प्रतिको विश्वासलाई वैज्ञानिक रुपमा विश्लेषण गरेर मगर समाजलाई अग्रगमनको सोचको बाटोमा डोऱ्याउनु पर्दछ । यिनीहरुमा भएको कह्यौं विश्वास प्रणाली र त्यस माथि आधारित उनीहरुको दिनचर्या पनि अबैज्ञानिक छन् । उनीहरुले मान्दै आएका प्राकृत (मगराँती) धर्मको वैज्ञानिक विश्लेषण गरी यसलाई परिष्कृत गर्दै लैजानु पर्दछ । आर्को शब्दमा मगरहरुमा भएको स्वभाव र विश्वासलाई परिष्कृत गर्दै आफ्नो अस्तित्वलाई अछुन्न राख्दै अगाडि बढ्नु पर्दछ । मगरहरुले आफ्नो अस्तित्वलाई आर्काको अस्तित्वमा विलय गर्नु हुदैन भन्ने मेरो अवधारणा हो ।

सँस्कृति भनेको मानिसको अभिन्न अङ्ग हो । यो भनेको मानिसले दैनिक गर्ने कार्यको प्रक्रिया तथा त्यो कार्य प्रक्रियामा प्रयोग हुने भौतिक बस्तु हो । हाम्रो दैनिक कार्य हाम्रो विश्वास, ज्ञान, मूल्य र मान्यतामा निर्भर गर्दछ । यी दैनिक कार्य सम्पन्न गर्नको लागि विभिन्न प्रकारका भौतिक बस्तुहरुको प्रयोग गरिन्छ । जस्तो खेतीपाती गर्नु किसानको दैनिक कार्य हो । खेतिपाती गर्ने प्रक्रिया किसानको ज्ञान, विश्वास र मूल्य र मान्यतामा आधारित छ । खेती लगाउदो गोरु नै जोतिन्छ तर गाई जोतिदैन । खेतमा काम गर्ने मानिसलाई मगरहरुले जाँड रक्सी नास्ताको रुपमा दिनेगर्दछन् । तर ब्रह्मण र क्षेत्रीहरुले त काम गर्ने मानिसलाई यसो गर्दैनन् । त्यसैले संस्कृतिलाई भौतिक संस्कृति र अभौतिक संस्कृतिमा बर्गीकरण गरिन्छ । उदाहरणको लागि जाँड, रक्सी र गोरु भौतिक संस्कृतिको अभिन्न अङ्ग हो भने खेती गर्ने प्रक्रिया र गोरु नै जोत्नु पर्ने अभौतिक संस्कृतिको अभिन्न अङ्ग हो । त्यसैले हरेक संस्कृतिको कार्य हुन्छ र त्यही कार्य गर्ने पक्रिया विभिन्न समूह र भौगोलिक स्थानमा अलग अलग हुन सक्दछ । यसको साथसाथै यो परिवर्तनशिल र गतिशिल हुन्छ भन्ने कुरा हामीले बिर्सनु हुदैन ।

मगरहरुले आफनो मौलिक संस्कृतिलाई सँरक्षण गर्नु पर्दछ, यसको प्रबर्द्धन गर्नु पर्दछ र यसको सुधार गर्नु पर्दछ भनिराखेका छन् । तर आम मगरहरुले मगराँती संस्कृति भनेको के हो भन्ने कुरो बुझ्नु पर्दछ । त्यसैले अब म मगराँती संस्कृतिको अबधारणा प्रस्तुत गर्न चाहान्छु । मगराँती संस्कृति भनेको आम मगरहरुको दैनिक कार्यको प्रक्रिया तथा सो कार्य प्रक्रियामा प्रयोग हुने भौतिक वस्तु हो । मगराँत संस्कृतिको यो परिभाषा अनुसार मगराँती संस्कृति भित्र मगराँती भाषा, कला, साहित्य, इतिहाँस, विश्वास, खानपान, नाचगान, परम्परागत शिप , ज्ञान, विज्ञान, चाँडपर्व, रिती र थिति पर्दछ ।

संस्कृतिको प्रभाव जनजिवनमा सकारात्मक र नकारात्मक दुवै प्रकारको पर्दछ । जस्तो मनोरञ्जनको साधनको रुपमा लिइने नाचगानले मनोरञ्जन दिने काम त गरेको छ । तर यूवापिदीहरु यसमा बढी भूलेर समय, धन र स्वस्थ्यको वरवाद गरिराखेकाछन् । यसले गर्दा मगर जाति शैक्षिक रुपमा पछि परेको छ (हुन त यो मात्र कारण होइन) । त्यस्तै गरी मगर जातिको कह्यौ परम्परा र सँस्कार भड्किला र खर्चिलाछन् । यसले गर्दा मगरहरुमा भएको स्रोत उत्पादनशिल कामबाट बिमूख भई अनुत्पादनशिल कामको लागि प्रयोग भैरहेको छ । त्यस्तै गरी मगर जातिको कह्यौ परम्परा र

सँस्कार अबैज्ञानिक भएकोले गर्दा यसले उनीहरुको शारिरिक र मानसिक विकासमा नकारात्मक प्रभाव पारेको छ । यस्ता किसिमका नकारात्मक प्रभावले गर्दा मगरहरु पछि पर्न पनि सक्छौं । हुन त भन्दा र सुन्दा नमिठो लाग्ला । गाउँ ठाँउमा कह्यौं निबृत्त भैसकेका (Pensioner) मगर दाजुभाईहरु र दिदी बहिनीहरु छोराछोरीको  पढाइलाई पैसा दिन अनकनाउने तर जाँड रक्सीमा भने मन फुकाएर खर्च गर्नेगर्दछन् । त्यही जाँड रक्सीको वातावरणमा हुर्केका कम  वच्चाहरुको  मात्र शैक्षिक प्रगति भएको पाइन्छ । यसरी मगरहरुको कह्यौ संस्कृतिले उनीहरुको जिवनमा नकारात्मक प्रभाव पारिराखेको छ ।

माथि उल्लेख गरे अनुसार संस्कृतिले जनजिवनमा नकारात्मक र सकारात्मक रुपमा प्रभाव पारेको हुन्छ । त्यसैले कुन गाउँ ठाँउको  कुन संस्कृतिले कस्तो किसिम्को असर पारेको छ त्यो कुरा जान्नको लागि पनि मगराँती संस्कृतिको विस्तृत रुपमा वैज्ञानिक अध्ययन र विश्लेषण गर्नु पर्दछ । याद गर्नु पर्ने कुरा के हो भने संस्कृतिले सम्बनिधत जनजातिको  पहिचान कायम गर्नु पर्दछ । तर पहिचानको नाममा यसले उनीहलाई खान चाही हुदैन । त्यसैले सामाजिक सुधारको आनदोलन (Social Reform Movement) लाई अगाडि बढाउनको लाीग पनि मगराँती संस्कृतिको अध्ययन र विश्लेषण गर्नु पर्दछ । यसको साथसाथै संस्कृतिलाई विकासको दृष्टिकोणले पनि विश्लेषण गर्नु पर्दछ र यसलाई पूजिकरण गरी आर्थिक हितमा प्रयोग गर्नको लाीग पनि संस्कृतिको अध्ययन र विश्लेषण हुनु पर्दछ ।

आम मगरहरुको दायित्व भनेको आफूहरुलाई मानसिक र आर्थिक दृष्टिकोणले भविष्यमा सम्बृद्ध (धनी) वनाई मगर जातिलाई सम्मानित जातिको रुपमा स्थापित गर्नु हो  । यसको लागि सर्वप्रथम मगरहरुले आफुहरुलाई मानसिक र आर्थिक रुपमा सम्बृद्धि बनाउनु पर्दछ । याद गर्नु पर्ने कुरा के हो भने सर्वप्रथम त मगरहरु   मानसिक अथवा बौद्धिक रुपमले सम्पन्न हुनु पर्दछ , अनि मात्र आर्थिक रुपमले पनि सम्पन्न हुन सक्छन् । यदि बौद्धिक सम्पन्नता विना आर्थिक सम्पन्नता भयो भने त्यो क्षणिक मात्र पनि हुन सक्दछ । बौद्धिक सम्पन्नता विना आार्थिक सम्पन्नताले सम्मानित जिवन विताउनको लागि मदत गरे तापनि सम्मानित जिवन दिन सक्छ भन्ने हुदैन । मगरहरुको विकासमा उनीहरुको  संस्कृतिको सकारात्मक र नकारात्मक दुवै प्रकारको प्रभाव पर्ने भएकोले सर्वप्रथम उनीहरुको  दायित्व आफ्नै परिवारको सस्कृतिलाई नियालेर हेर्नु हो । आफनो  परिवारको संस्कृतिको

राम्रो र नराम्रो दुवै पक्षको फिहरिष्ट (लिष्ट) तयार गरी  विश्लेषण गर्नुपर्दछ  । यदि आफ्नो सँस्कृतिले परिवारको शारिरिक, आर्थिक र बौद्धिक विकासमा नकारात्मक असर पारेको छ भने त्यसलाई संस्कृति भनेर, आफ्नो कूल धर्म भनेर पालेर राख्नु हुदैन  । त्यसलाई सुधार गर्न तिर लाग्नु पर्दछ  । यही नै मगरहरुको प्रथम कर्तव्य हुनेछ । यदि आफ्नो परिवारमा भएको कूसंस्कृति दाजूभाइहरु सबैमा छ भने दाजूभाइहरु भेला गरीं  सुधारका कुराहरु गर्नुपर्दछ  । यदि कूसंस्कृति गाउँमै व्यप्त छ भने त्यस्ता संस्कृतिको सुधारको लागि समाजिक आन्दोलन चलाउनु नै आम मगरहरुको   कर्तव्य हुने छ । सवैले यस्तै गर्दै गएमा मगर समाजमा भएको सामाजिक बिकृति हट्दै जाने छ ।